# प्रदेश सरकारलाई संसदप्रति जवाफदेही बनाउन प्रश्नहरूको भूमिका



गोपाल सिग्देल ✍

**सारांश**

*संसदीय प्रणालीमा सरकारको गठन संसदबाट हुने गर्दछ र सरकार संसदप्रति उत्तरदायी हुनुपर्छ भन्ने मान्यता रहिआएको छ । यो मान्यतालाई नेपालको संविधानले सुनिश्चित गरेको छ । वि.सं. २०७२ सालको संविधान जारी भएसँगै नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तह कायम गरिएका छन् । तीनवटै तहमा व्यवस्थापिकाको व्यवस्था भएको छ । प्रदेशमा गठन भएका प्रदेश सभाले विभिन्न माध्यमद्वारा प्रदेश सरकारलाई उत्तरदायी बनाउने गर्दछन् । तीमध्ये सभामा सदस्यहरूले सरकारका मन्त्रीलाई प्रश्न सोध्ने कार्यक्रम एक सशक्त एवं महत्त्वपूर्ण माध्यम हो । विश्वका विभिन्न संसदीय व्यवस्था अपनाएका मुलुकहरूमा प्रश्नोत्तर कार्यक्रमको व्यवस्था रहेको पाइन्छ । नेपालको संघीय संसदमा यस कार्यक्रमको प्रयोग पहिलेदेखि नै गरिँदै आएको भए तापनि प्रदेश सभामा यो कार्यक्रम नयाँ प्रयोग भएकाले यसमा आइपर्ने विभिन्न समस्याहरू समाधान गर्दै अगाडि बढ्नु जरुरी हुन्छ । यस लेखमा प्रदेश सरकार प्रदेश सभाप्रति उत्तरदायी हुनुपर्ने विभिन्न अवस्था, संसदीय प्रश्न र यसको व्यवस्थापन, संसदीय प्रश्नहरूको भूमिका र कार्य, विभिन्न मुलुकहरूमा प्रश्नोत्तरसम्बन्धी व्यवस्था, संसदीय प्रश्नोत्तरका समस्या र सुझावहरूका सम्बन्धमा चर्चा गरिएको छ ।*

**विषय प्रवेश**

संसदीय शासन प्रणाली अपनाएका मुलुकहरूमा सरकारको निर्माण संसदबाट हुने गर्दछ । सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट लगायतका महत्त्वपूर्ण कार्यहरू सदनको सहमति र स्वीकृतिमा मात्र कार्यान्वयन गर्न सक्दछ । यस प्रणालीमा सरकार सदैव सदनप्रति जवाफदेही/उत्तरदायी हुने गर्दछ । राज्यका अङ्गहरूमध्ये संसद प्रमुख विधायिकी अङ्ग हो । संसदका मुख्य कार्यहरू कानून बनाउने, सरकारका कामकारवाहीको निगरानी गर्ने, आफ्ना मतदाताको

✍ उपसचिव, संघीय संसद सचिवालय

प्रतिनिधित्व गर्ने, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, महत्त्वपूर्ण समसामयिक विषयहरूमा बहस गर्ने आदि हुन् । नेपालमा वि.सं. २०७२ सालमा जारी भएको संविधानले मुलुकको संरचनालाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरेको छ । यसबमोजिम हाल तीनै तहमा अलग-अलग सरकार र संसदको व्यवस्था भएको छ । संविधानको धारा ७६ (१०) मा प्रधानमन्त्री र मन्त्री संघीय संसदप्रति तथा धारा १६८ (१०) मा मुख्यमन्त्री र प्रदेश मन्त्री प्रदेश सभाप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ ।

**प्रदेश सरकार प्रदेश सभाप्रति उत्तरदायी हुनुपर्ने अवस्था**

प्रदेश सभाको मूल बैठक तथा सभा अन्तर्गत बनेका समितिका बैठकहरूमा हुने विभिन्न छलफल एवं क्रियाकलापमा सभाका सदस्यहरूले विविध विषयमा प्रश्नहरू उठाउन सक्ने र प्रदेश सरकारले ती प्रश्नहरूको उत्तर दिनुपर्ने व्यवस्था प्रदेश सभा नियमावलीमा गरिएको छ । प्रदेश सरकारले सभामा उठेका विषय वा प्रश्नमा उत्तर दिनुपर्ने अवस्थाहरू देहायबमोजिम रहेका छन्ः-

**(१) सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा उठेका प्रश्नमाः** संविधानको धारा १८४ बमोजिम प्रदेश प्रमुखले प्रदेश सभाको बैठकमा प्रस्तुत गरेको प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि दलीय प्रतिनिधित्वको आधारमा छलफल हुने र सो छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ छलफलको अन्त्यमा मुख्यमन्त्री वा निजले तोकेको मन्त्रीले दिनुपर्ने व्यवस्था रहेको छ ।

**(२) नियमित हुने प्रश्नोत्तर कार्यक्रममा सोधिएका प्रश्नमाः** प्रदेश सरकारको उत्तरदायित्वभित्रको सार्वजनिक महत्त्वको कुनै पनि विषयमा सदस्यले प्रश्न सोध्न सक्ने र प्रत्येक सदस्यले राखेका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले सभामा दिनुपर्ने व्यवस्था रहेको छ ।

**(३) जरुरी सार्वजनिक महत्त्वको प्रश्नमाः** प्रदेश सभाको बैठकमा मौखिक वा लिखित उत्तर दिइसकेका प्रश्नहरूमध्येको उत्तरसँग सम्बन्धित तथ्यमा अझ बढी स्पष्ट वा व्याख्या गर्न आवश्यक भएको कुनै जरुरी सार्वजनिक महत्त्वको विषयमा छलफल गर्नका लागि सभामुखले समय तोक्न सक्ने र यस्तो विषयका बारेमा सम्बन्धित मन्त्रीले उत्तर दिनुपर्ने व्यवस्था रहेको छ ।

**(४) शून्य समय र विशेष समयमा उठेका समसामयिक विषय/प्रश्नमाः** सदस्यले आवश्यक महशुस गरेका समसामयिक कुनै विषयलाई सदनमा प्रस्तुत गर्नका लागि सभामुखले सभाको कार्यबोझलाई विचार गरी शून्य समय र विशेष समय तोक्न सक्ने र ती समयमा प्रस्तुत भएका विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सभामुखमार्फत् सभालाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ ।

**(५) ध्यानाकर्षण गराइएको विषय/प्रश्नमाः** कुनै सदस्यले सभामुखको पूर्वस्वीकृतिलिई जरूरी सार्वजनिक महत्त्वको विषयमाथि सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गर्न सक्ने र सोउपर मन्त्रीले चाहेमा तत्काल बैठकमा जवाफ दिन वा कुनै अर्को दिन जवाफ दिनको लागि समय माग गर्नसक्ने व्यवस्था रहेको छ ।

**(६) जरूरी सार्वजनिक महत्त्वको प्रस्तावमा उठाइएको विषय/प्रश्नमाः** कुनै सदस्यले जरूरी र सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्न चाहेमा त्यससम्बन्धी प्रस्ताव (दुई जना सदस्यको समर्थनसहित) को सूचना सभाको बैठक सुरू हुनुभन्दा कम्तीमा दुई घण्टा अगावै सचिवलाई दिनुपर्ने र सो प्रस्तावको विषय सभामुखले जरूरी र सार्वजनिक महत्त्वको ठहऱ्याएमा प्रस्तावसँग सम्बन्धित मन्त्रीसँग परामर्श गरी उक्त प्रस्तावलाई स्वीकृति दिने व्यवस्था नियमावलीमा रहेको छ । त्यसपछि उक्त प्रस्तावमाथि सभामा छलफल हुने र छलफलमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीले दिनुपर्ने व्यवस्था रहेको छ ।

**(७) सङ्कल्प प्रस्तावमा उठाइएको विषय/प्रश्नमाः** प्रदेश सभाको बैठकमा सभामुखको अनुमतिले सार्वजनिक महत्त्वको राय वा सिफारिस प्रकट गर्ने, प्रदेश सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध प्रकट गर्ने वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्ने र कुनै सन्देश वा निर्देशन दिने जस्ता विषयमध्ये कुनै विषयमा सङ्कल्प पेश गर्न सकिने र सो सङ्कल्पमाथि सदस्यहरूले बोलिसकेपछि सम्बन्धित मन्त्रीले जवाफ दिनुपर्ने व्यवस्था रहेको छ ।

**(८) अध्यादेश अस्वीकृत गर्ने प्रस्तावमा छलफल हुँदा उठाइएका विषय/प्रश्नमाः** सरकारले ल्याएको अध्यादेशलाई अस्वीकृत गर्नेसम्बन्धी प्रस्तावमा छलफल गर्न सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा समय निर्धारण गर्ने र छलफलको अन्त्यमा सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नको जवाफ दिनुपर्ने व्यवस्था रहेको छ ।

**(९) समितिमा हुने विभिन्न छलफल एवं विविध क्रियाकलापहरूमा उठाइएका प्रश्न/जिज्ञासामाः** प्रदेश सभा अन्तर्गत नियमावलीबमोजिम गठन भएका विभिन्न समितिहरूमा हुने विधेयकमाथिको छलफलमा, सार्वजनिक सरोकारका समसामयिक विषयमाथिको छलफलमा, समितिको कार्यक्षेत्रभित्रको कुनै विषयमाथिको छलफलमा, समितिमा प्राप्त उजुरी/गुनासोमाथिको छलफलमा र सरकारबाट भएगरेका कामकारवाहीका सम्बन्धमा सदस्यहरूले समितिका बैठकहरूमा उठाएका प्रश्न/जिज्ञासाका सम्बन्धमा प्रदेश सरकारका सम्बन्धित मन्त्रीले जवाफ दिनुपर्ने व्यवस्था रहेको छ ।

उपरोक्त अनुसारका विभिन्न अवस्थाहरूमा प्रदेश सभाका सदस्यले उठाएका प्रश्नका उत्तर, प्रदेश सरकारले दिनुपर्ने व्यवस्था रहेको पाइन्छ । तीमध्ये प्रदेश सभा नियमावलीमा नै व्यवस्था

भएको प्रश्नोत्तर कार्यक्रम अन्तर्गत गरिने प्रश्नहरू बढी संरचनात्मक (Structured), व्यवस्थित र प्रभावकारी हुने गर्दछन् । यी प्रश्नहरूले प्रदेश सरकारलाई सभाप्रति जवाफदेही बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछन् । यद्यपी, प्रदेश सभाहरूमा हालसम्म यस व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको पाइँदैन ।

**संसदीय प्रश्न र यसको व्यवस्थापन**

साधारण अर्थमा प्रश्न भन्नाले कुनै पनि विषयमाथिको जिज्ञासा वा कौतुहलता हो । संसदीय सन्दर्भमा जनताका प्रतिनिधिहरूले सरकारको उत्तरदायित्वभित्र पर्ने सार्वजनिक महत्त्वको कुनै पनि विषयमा सरकारका मन्त्रीसमक्ष राख्ने जिज्ञासा नै संसदीय प्रश्न हो । यी प्रश्नहरूको सिर्जना विभिन्न विषयका राष्ट्रिय अन्तर्राष्ट्रिय समसामयिक घटनाक्रम, जनताका विकास निर्माणका आकाङ्क्षा/आवश्यकता, राज्यका नीतिहरू, वार्षिक नीति तथा कार्यक्रम/बजेट, आवधिक नीति/कार्यक्रम/योजना जस्ता आधारमा हुने गर्दछन् ।

संसदीय प्रश्नहरू संसद (प्रदेश सभा) नियमावलीको प्रावधानबमोजिमको प्रक्रिया अवलम्बन गरेर सोधिएका हुन्छन् । ती प्रश्नहरूको व्यवस्थापन गर्ने जिम्मेवारी संसद (प्रदेश सभा) सचिवालयको हुन्छ । ती प्रश्नहरू मुख्यरूपमा मौखिक उत्तर दिने र लिखित उत्तर दिने गरी दुई किसिमका हुन्छन् भने मौखिक उत्तर दिने प्रश्नका साथमा पूरक प्रश्न सोध्न सकिने व्यवस्था रहेको छ । यसका अतिरिक्त जरुरी प्रश्नहरू बैठक बस्नुभन्दा थोरै समयअघि मात्र सूचना दिएर पनि सोध्न सकिन्छ जसलाई अल्प सूचनाको प्रश्न भनिन्छ ।

प्रदेश सभामा प्रश्नोत्तर कार्यक्रम सभामुखले अन्यथा आदेश दिएमाबाहेक प्रत्येक बैठकको पहिलो घण्टा चल्ने व्यवस्था रहेको छ । कुनै पनि सदस्यले आफूले चाहेको विषयमा सम्बन्धित मन्त्रीसँग प्रश्न सोध्न सक्ने र सोका लागि निर्दिष्ट ढाँचामा लिखितरूपमा सभाका सचिवलाई सूचना दिनुपर्ने प्रावधान छ । प्रश्नमार्फत् मौखिक उत्तर माग भएकोमा मौखिकरूपमा र लिखित उत्तर माग भएकोमा लिखितैरूपमा सम्बन्धित मन्त्रीले बढीमा एक हप्ताभित्र उत्तर दिनुपर्ने तथा लिखित प्रश्न र उत्तरहरूको प्रति प्रत्येक सदस्यलाई उपलब्ध गराइने व्यवस्था रहेको छ ।

सदस्यले प्रश्नहरू तोकिएको ढाँचा र निश्चित मापदण्डभित्र रहेर सोध्नुपर्ने, प्रदेश सभा सचिवालयमा दर्ता गर्नुपर्ने, ती प्रश्न सभामुखबाट स्वीकृत हुनुपर्ने, सभामुखलाई उपयुक्त लागेमा मौखिक प्रश्नलाई लिखित प्रश्नमा र लिखित प्रश्नलाई मौखिक प्रश्नमा परिवर्तन गर्न सक्ने व्यवस्था रहेको छ । यसपछि स्वीकृत प्रश्न उत्तरका लागि सम्बन्धित मन्त्रालयमा पठाउनुपर्ने, मन्त्रीले प्रश्नको उत्तर निश्चित समयभित्र सभा सचिवालयमा उपलब्ध गराउनु पर्ने, सचिवालयले सभाको कार्यसूचीमा ती प्रश्नहरू

समावेश गर्ने व्यवस्था मिलाउने, सभामा सञ्चालन हुने प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता सदस्यले प्रश्न सोध्ने र सम्बन्धित मन्त्रीले ती प्रश्नको उत्तर सभासमक्ष पेश गर्नुपर्ने जस्ता प्रावधान रहेका हुन्छन् । यसरी प्रश्न दर्ता गर्नेदेखि लिएर सभाको बैठकमा प्रश्नको जवाफ सदस्यसमक्ष पुर्‍याउने र उपरोक्त सबै कार्यहरूको अभिलेखन गर्ने लगायतका कार्यहरू प्रश्न व्यवस्थापन अन्तर्गत पर्दछन् ।

प्रत्येक दिन मौखिक तथा लिखित उत्तरका निमित्त रहेका प्रश्नहरूको छुट्टाछुट्टै सूची तयार गरिने, प्रश्न उत्तरको समय प्रारम्भ भएपछि सभामुखले कार्यसूचीको क्रमानुसार प्रश्नकर्ता सदस्यको नाम बोलाउने, नाम बोलाइएको सदस्य वा निजबाट अधिकृत गरिएको सदस्य आफ्नो स्थानमा उभिएर प्रश्नसूचीमा रहेको आफ्नो प्रश्नको क्रम सङ्ख्या उच्चारण गर्ने र यसपछि सभामुखबाट सम्बन्धित मन्त्रीलाई उत्तर दिनका लागि समय दिइने व्यवस्था रहेको छ । साथै, लिखित उत्तरहरूको त्रैमासिकरूपमा प्रकाशनको व्यवस्था सचिवले गर्नेजस्ता व्यवस्था पनि रहेका छन् ।

**संसदीय प्रश्नहरूको भूमिका र कार्य**

नेपालको संविधानबमोजम हाल मुलुकका सातवटै प्रदेशहरूमा प्रदेश सरकार र प्रदेश सभाको गठन भई सञ्चालनमा रहेका छन् । शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तबमोजिम यी दुईबीचको भूमिका र कार्यलाई संविधानमा व्यवस्थित गरिएको छ । प्रदेश सरकारको गठन प्रदेश सभाबाट हुने भएकाले सरकार सदनप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रदेश सभाले विभिन्न प्रश्नका माध्यमबाट प्रदेश सरकारलाई जवाफदेही बनाइरहेको हुन्छ । यसरी सरकारलाई जवाफदेही बनाउने सन्दर्भमा संसदीय प्रश्नहरूको भूमिका र कार्यलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः-

**(१) संसदीय निगरानीः** प्रदेश सभाले प्रदेश सरकार सञ्चालनका लागि कानून निर्माण गर्ने र स्रोत साधन परिचालनको स्वीकृति प्रदान गर्ने गर्दछ । सोहीबमोजिम रहेर सरकारले आफ्ना काम कारवाहीहरू अगाडि बढाउनु पर्ने हुन्छ । सभाले पारित गरेको कानून र बजेटअनुरूप नीतिहरू कार्यान्वयन गर्ने सुनिश्चितताका लागि निरन्तर रूपमा संसदीय निगरानी आवश्यक पर्दछ । यस्तो कार्य गर्नका लागि प्रश्नोत्तर कार्यक्रमअन्तर्गत सोधिने संसदीय प्रश्नले प्रभावकारी भूमिका निर्वाह गर्दछन् ।

**(२) पारदर्शिता र खुलापनः** प्रश्नहरूले सरकारका गतिविधिहरूको पारदर्शिता र खुलापन उजागर गर्ने कार्य गर्दछन् । सभाले दिएको स्वीकृतिबमोजिम सरकारले गरेका कार्यहरूका सम्बन्धमा यथार्थ जानकारी जनतासमक्ष पुर्‍याउने काम प्रश्नहरूले गर्दछन् । कुनै एकजना सदस्यले सोधेको प्रश्नको चित्तबुझ्दो उत्तर मन्त्रीबाट नपाएको खण्डमा पूरक प्रश्नहरूका माध्यमबाट विषयवस्तुमाथि थप प्रष्ट हुन सक्ने व्यवस्था रहेको छ ।

(३) **वित्तीय उत्तरदायित्व बहनः** प्रश्नहरूले सरकारलाई वित्तीय उत्तरदायित्व बहन गर्न बाध्य तुल्याउँछन् । सभाले सार्वजनिक खर्चका लागि सरकारले प्रस्ताव गरेको बजेटलाई आवश्यकताअनुसार स्वीकृति प्रदान गरेको हुन्छ । सरकारी खर्च प्रणालीमा मितव्ययीता, दक्षता र प्रभावकारिता भए नभएको जाँच गर्ने काम संसदले प्रश्नमार्फत् गर्न सक्दछ ।

(४) **सूचना एवं तथ्याङ्क प्राप्तिः** प्रश्नहरूले संसद र सदस्यका लागि सरकारका गतिविधिसम्बन्धी आधिकारिक सूचना एवं तथ्याङ्क प्राप्त गर्ने महत्त्वपूर्ण माध्यमको रूपमा कार्य गर्दछन् । सरकारका मन्त्रीहरूले दिएका सूचना सही एवं यथार्थपरक हुनु पर्दछ । त्यसैले उनीहरू जवाफ दिने क्रममा सजग र सतर्क हुनु पर्दछ । यस्ता सूचनाहरू विद्यमान नीति, योजना, कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन एवं विश्लेषण गर्न तथा भविष्यमा गरिने नीति, योजना, कार्यक्रम, बजेट आदि निर्माण एवं व्यवस्थापनका लागि उपयोग गर्न सकिने हुन्छन् ।

(५) **सरकारलाई जवाफ दिन बाध्य बनाउनेः** प्रश्नोत्तर कार्यक्रमअन्तर्गत सोधिने प्रश्नहरूको जवाफसम्बन्धित मन्त्रीले तोकिएको अवधिभित्र सभामा दिनुपर्ने व्यवस्था रहेको छ । यस कार्यक्रमका लागि कुन मन्त्रालयसँग सम्बन्धित प्रश्न कुन बार सदनमा प्रस्तुत गर्ने भनी मन्त्रालयगत हिसाबले बार निर्धारण गरिएको हुन्छ । मन्त्रीबाट जवाफ प्राप्त नभएसम्म संसद सचिवालयबाट तथा प्रश्नकर्ता सदस्यबाट समेत घच्घचाउने काम हुन्छ जसले गर्दा मन्त्री प्रश्नको जवाफ दिन बाध्य हुने गर्दछन् ।

(६) **सरकारले सम्बोधन गर्नुपर्ने क्षेत्रहरूको पहिचानः** संसद सदस्यहरूबाट सोधिने संसदीय प्रश्नहरूका माध्यमबाट सरकारले आफूले पहिचान गर्न नसकेका, कम प्राथमिकतामा पारेका वा कार्यान्वयनको चरणमा लैजान नसकेका र नभ्याएका विषय एवं समस्याहरूको पहिचान गर्न सक्दछ । विभिन्न क्षेत्रमा देखिएका नीतिगत त्रुटि विसङ्गतिबारे सरकारको ध्यानाकर्षण हुन्छ । सार्वभौम संसदले औंल्याएका विषयलाई सरकारले गम्भीरतापूर्वक लिई यथाशीघ्र सम्बोधन गर्नुपर्ने हुन्छ । यस्ता विषयले सरकारलाई नयाँ नीतिको निर्माण, भइरहेका नीतिमा आवश्यकता अनुसार परिमार्जन, निर्धारित कार्यक्रम कार्यान्वयन, नयाँ कार्यक्रम निर्माणजस्ता कार्यहरू गर्न बलिया आधार प्रदान गरी समस्या समाधान गर्न सहयोग गर्ने गर्दछन् । यस्ता कार्यबाट पनि संसदले सरकारलाई जवाफदेही बनाइरहेको हुन्छ ।

(७) **सरकारलाई जनताको सम्पर्कमा राख्नुः** संसद सदस्यहरू भनेका जनताका प्रतिनिधि हुन् । उनीहरूले सदनमा बोल्ने कुराहरू जनताका आवाज हुन्, जनताको माग, इच्छा, चाहना, आकाङ्क्षा आदि हुन् । उनीहरूले सभामा गर्ने प्रश्नमा पनि जनताकै कुराहरू रहेका हुन्छन् । जनताका दैनिक जीवनयापन, पीरमर्का, विकास निर्माणका आकाङ्क्षा, समाजमा भएकाजस्ता विषय प्रश्नका रूपमा राख्ने र

ती विषयहरूमा सरकारको आधिकारिक धारणा जनतासमक्ष पुग्ने गर्दछ । जनताका सवालहरू सम्बोधन गर्नु सरकारको कर्तव्य एवं दायित्व पनि हो ।

**(८) सरकारमाथि संसदको नियन्त्रण कायम गर्नुः** सरकारले गर्ने कामहरू अधिकतम जनताको चाहना र भावना अनुकूल हुने गरी गर्नुपर्छ । त्यस्ता कार्यहरू जनताको सर्वोत्तम भलाइका लागि गरिनुपर्छ । सरकारले स्वेच्छाचारी भएर कार्यहरू गर्न मिल्दैन । संसदीय प्रश्नका माध्यमबाट संसदले सरकारका कार्यहरूको निरन्तर जानकारी लिई सो जानकारी जनतासमक्ष पुऱ्याउने, चालु रहेका कार्यक्रमहरूको अनुगमन गर्ने, ढिलासुस्ती र लापरवाहीजस्ता विकृतिहरूबारे मन्त्रीलाई सजग गराउने र सरकारलाई खबरदारी गर्नेजस्ता कार्यहरू गरिरहेको हुन्छ ।

**(९) कानूनी शासनको प्रवर्धनः** संसदले नीति तथा कानून कार्यान्वयनको निरन्तर अनुगमन गर्दै सरकारले गरेको गैरकानूनी वा असंवैधानिक क्रियाकलापको परीक्षण गरी नागरिकको हक अधिकारको संरक्षण गर्नु पर्दछ । संसदीय प्रश्नका माध्यमबाट संसदले मुलुकमा कानूनी शासन र सुशासन प्रवर्धन गर्ने गर्दछ ।

**विभिन्न मुलुकहरूमा प्रश्नोत्तरसम्बन्धी व्यवस्था**

**अष्ट्रेलिया**

अष्ट्रेलियाको कमनवेल्थ र प्रदेश संसदमा प्रश्न समय (Question Time) लाई एक महत्त्वपूर्ण विशेषताको रूपमा लिइन्छ । यसको भूमिका सरकारलाई संसद र जनताप्रति जवाफदेही एवं उत्तरदायी बनाउनु रहन्छ । प्रायजसो प्रश्नहरू विपक्षीबाट आउने गर्दछन् । संसदमा दुई किसिमका प्रश्नहरू सोधिन्छन्ः (क) सूचना गरी सोधिने प्रश्न जुन लिखित रूपमा पेश गरिन्छ र उत्तर पनि लिखित रूपमा नै दिने गरिन्छ, (ख) विना सूचना संसदको प्रश्न समयमा मौखिक रूपमा सोधिने प्रश्न । त्यहाँको सिनेटमा प्रश्न समय बैठक बसेको हरेकदिन दिनको २:०० बजेदखि एक घण्टासम्म रहने गर्दछ । दैनिक १९ वटा मौखिक प्रश्नहरू सोध्ने गरिन्छ । कुनै पनि प्रश्न सोध्नका लागि बढीमा एक मिनेट र सोको उत्तर दिनका लागि बढीमा दुई मिनेट समय छुट्याइएको हुन्छ । त्यसैगरी प्रत्येक प्रश्नमा दुईवटा पूरक प्रश्न सोध्न पाइने, हरेक पूरक प्रश्न सोध्न तीस सेकेन्ड र हरेक पूरक प्रश्नको उत्तरका लागि बढीमा एक मिनेटको समय छुट्याइएको हुन्छ ।

**भारत**

भारतका तल्लो सदन (लोक सभा) र माथिल्लो सदन (राज्य सभा) दुवैमा प्रश्न घण्टाको प्रावधान रहेको छ । त्यहाँ बिहान ११:०० बजे सदन सुरु हुने र पहिलो एक घण्टाको समयमा

प्रश्नोत्तर कार्यक्रम सञ्चालन हुने गर्दछ । प्रश्नका प्रकारहरूमा मौखिक, लिखित, छोटो सूचनाको प्रश्न र पूरक प्रश्न पर्दछन् । मौखिक प्रश्नको जवाफ मन्त्रीले सभामा मौखिकरूपमा प्रस्तुत गर्छन् भने लिखित प्रश्नको जवाफ मन्त्रीले प्रश्न घण्टाको अन्त्यमा लिखित रूपमै सभामा टेबुल गर्छन् । यसैगरी भारतका विभिन्न प्रदेशमा रहेका संसद (विधान सभा) मा पनि प्रश्न समयको प्रावधान रहेको पाइन्छ । प्रश्न समयलाई भारतमा अत्यन्त रोचक र आकर्षक कार्यक्रमकारूपमा लिइन्छ । प्रश्नमार्फत् संघीय वा प्रादेशिक सरकारका गतिविधिहरूका बारेमा यथार्थ जानकारी लिने, सरकारको निगरानी गर्ने, कुनै पनि सार्वजनिक चासोका विषयमा मन्त्रीलाई जवाफ दिन बाध्य पार्ने लगायतका कार्य गरिन्छ ।

**बेलायत**

बेलायतमा प्रश्नोत्तरलाई संसदभित्रको अतिनै महत्त्वपूर्ण एवं आकर्षक कार्यक्रमको रूपमा लिने गरिन्छ । त्यहाँ सन् १७२१ देखि नै प्रश्नोत्तरको सुरुवात भएको पाइन्छ । संसद सदस्यहरूले सरकारका नीति तथा कार्यहरूका सम्बन्धमा मन्त्रीहरूलाई मौखिक तथा लिखित प्रश्नहरू सोध्ने गर्दछन् । त्यहाँको तल्लो सदन हाउस अफ कमन्स र माथिल्लो सदन हाउस अफ लर्ड्स दुवैमा सोमवारदेखि बिहिबारसम्म नियमितरूपमा यो कार्यक्रम सञ्चालन हुने गर्दछ । तल्लो सदनमा बैठकको सुरुको करिब एक घण्टा र माथिल्लो सदनमा सुरुको करीब आधा घण्टा यो कार्यक्रम चल्ने गर्दछ । तल्लो सदनमा मौखिक प्रश्नहरू उत्तर प्राप्त गर्न खोजिएको दिनभन्दा कम्तीमा तीन दिन अगावै दर्ता गरिनुपर्छ भने माथिल्लो सदनमा कम्तीमा पनि चौबीस घण्टा अगावै मौखिक प्रश्न दर्ता गर्नु पर्दछ।

बेलायतको प्रश्न समयको अर्को आकर्षण भनेको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर रहेको छ । यो कार्यक्रम हाउस अफ कमन्सको प्रत्येक बुधवार बसेको बैठकमा दिनको १२:०० देखि १२:३० बजेसम्म आधा घण्टा सञ्चालन हुन्छ । यसमा प्रधानमन्त्रीले सदस्यहरूले सोधेका मौखिक प्रश्नहरूको जवाफ प्रत्यक्षरूपमा दिनु पर्दछ । यसमा विपक्षी दलको नेताले कुनै सदस्यले सोधेको प्रश्नको विषय वा फरक विषयमा छ वटासम्म पूरक प्रश्न/फरक प्रश्न गर्न सक्दछन् । यसरी प्रश्नका माध्यमबाट सरकारका प्रधानमन्त्री एवं मन्त्रीहरूलाई सदनप्रति जवाफदेही बनाउने गरिन्छ ।

**क्यानडा**

क्यानडाको संसदमा बैठक बसेको दिनमा प्रधानमन्त्री वा मन्त्रीसँग गरिने मौखिक प्रश्न र उत्तरका लागि ४५ मिनेटको समय छुट्याइएको हुन्छ । त्यहाँ हुने प्रश्न अवधि (Question Period) को संरचना बेलायतको प्रश्न समय (Question Time) सँग मिल्दोजुल्दो रहेको छ । प्रधानमन्त्री वा मन्त्रीलाई मौखिक प्रश्न गर्दा पनि पूर्वसूचना दिनु आवश्यक छैन, संसदमा नै सिधै प्रश्न सोध्न सकिने व्यवस्था रहेको छ । तर व्यवहारमा केही संसद सदस्यहरूले मन्त्रीलाई प्रश्नको पूर्वजानकारी दिने

गरेको पाइन्छ । संसदमा हुने प्रश्नोत्तर समयमा सबैजना मन्त्री उपस्थित हुने गर्दछन् र सदस्यले कुनै पनि दिन जुनसुकै मन्त्रीलाई प्रश्न सोधन सक्दछन् । यस व्यवस्थाले मन्त्रीलाई हरबखत जवाफदेही बनाइरहेको हुन्छ । प्रश्न अवधिमा त्यहाँ प्रतिपक्षी दलको नेता र सदस्यलाई प्रश्न सोध्नका लागि प्राथमिकता दिने गरिन्छ । सोधिएका प्रश्नमा आएका जवाफमा चित्त नबुझेमा वा थप स्पष्ट हुन चाहेमा पूरक प्रश्नहरू सोधेर सरकारलाई सतर्क र सजग बनाइरहेका हुन्छन् । राजनीतिक दलले हरेक प्रश्न अवधिका लागि प्रश्नकर्ता सदस्यको निर्धारण गरी नामावली सभामुखलाई बुझाउने गर्दछन् ।

**संसदीय प्रश्नोत्तरका समस्या**

संसदीय प्रश्नोत्तर संसदीय व्यवस्था अपनाएका प्रायः जसो मुलुकका विधायिकाको विशेषता हो । संसदीय प्रश्नहरूले सरकारलाई संसदप्रति जवाफदेही बनाउन प्रभावकारी भूमिका खेल्ने गर्दछन् । संसदीय प्रश्नोत्तर संसदभित्र सञ्चालन हुने एक रोचक तथा आकर्षक कार्यक्रम हो तर यसको सञ्चालन तथा व्यवस्थापनमा विभिन्न खालका समस्याहरू देखापर्न सक्दछन् । केही त्यस्ता समस्याहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः-

(१) सिद्धान्ततः प्रश्न उत्तरदायित्वसँग सम्बन्धित छ तर व्यवहारमा यसलाई राजनीतीकरण गरिएको समेत पाउने गरिन्छ । हाल कुन राजनीतिक दलको सरकार छ, प्रश्न कुन सरकारले ल्याएको नीति तथा कार्यक्रम अन्तर्गतको विषय हो, सरकारका मन्त्रीलाई कुन दृष्टिले हेरिएको छ, सरकारप्रति सहयोग असहयोग कस्तो नीति लिइएको छ भन्ने कुराहरूले प्रश्न सोध्ने वा नसोध्ने, प्रश्न कस्तो बनाउने आदि निर्धारण गर्ने गर्दछन् ।

(२) प्रश्नोत्तरलाई विपक्षीले सरकारलाई अप्ठ्यारो पारिदिने माध्यमका रूपमा लिने गरेको पाइन्छ । त्यसैले संसदमा बढी प्रश्न सोध्नेहरूमा प्रतिपक्षमा रहेका सदस्यहरू रहने गर्दछन् । उनीहरूले सरकारका कामहरूको निरन्तर पिछा गर्ने र कुनै अप्ठ्यारो पार्न सक्ने ठाउँ भेटेमा त्यसैमा प्रश्न गर्ने गर्दछन् । यसको विपरीत सत्ता पक्षका सदस्यहरू भने धेरै प्रश्न गरेर सरकारलाई अप्ठ्यारोमा पार्न चाहँदैनन् । त्यसैले प्रश्न पनि कम सोध्ने गर्दछन् ।

(३) प्रश्नहरू सार्वजनिक महत्त्वका हुनु पर्दछ तर कुनै प्रश्न व्यक्तिमुखी दृष्टिकोणबाट कुनै एक व्यक्तिका समस्या केन्द्रित रहेर पनि सोधिने गरेको पाइन्छ । यस्ता प्रश्नले प्रश्नोत्तरको महत्त्वको घटाउनुका साथै प्रश्नकर्ताको आफ्नै व्यक्तित्वमाथि पनि नराम्रो असर पर्न सक्छ ।

(४) प्रदेश सभामा प्रश्नोत्तर नेपालको लागि नयाँ प्रयोग भएकाले यस सम्बन्धमा संसद सदस्यहरूमा यस विषयप्रतिको ज्ञानको कमी रहेको पाइन्छ । साथै प्रदेश सभा सचिवालयमा रहेका कर्मचारीहरूमा पनि प्रश्नोत्तर व्यवस्थापनसम्बन्धमा ज्ञान, सीपको कमी रहेको अवस्था छ ।

(५) नियमावलीले व्यवस्था गरेबमोजिम सभामा प्रश्न समय नियमित एवं प्रभावकारी रूपमा सञ्चालन हुने गरेको छैन । यसो हुँदा प्रश्नमार्फत् प्रदेश सरकारलाई जवाफदेही बनाउने कार्य ओझेलमा परेको देखिन्छ ।

(६) मन्त्रीहरूले प्रश्नोत्तरलाई गम्भीरतापूर्वक नलिने, प्रश्नको उत्तर पठाउन ढिलाइ गर्ने, उत्तर दिँदा सतर्कता र सजगता नअपनाउने जस्ता अवस्थाहरू विद्यमान रहेका छन् ।

(७) सदस्यले सोधेको प्रश्नको भाव बिगारिदिएको भन्ने आरोप कर्मचारीमाथि लाग्ने गरेको पाइन्छ ।

**सुझाव**

संसदीय प्रश्नोत्तर कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा देखापर्ने समस्याहरू समाधान गरी यस कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नु आवश्यक रहेको छ । त्यस्ता समस्याहरूलाई समाधान गर्नका लागि देहायबमोजिमका केही सुझावहरू प्रस्तुत गर्न सकिन्छः-

(१) प्रदेश सभाका सदस्यहरू जनताका प्रतिनिधि हुन् । उनीहरूले प्रश्न सोध्ने कार्यलाई विशुद्ध प्रदेश सरकारलाई उत्तरदायित्व वहन गराउने कुरासँग सम्बन्धित गराउनुपर्दछ, यसमा राजनीतीकरण गर्नु हुँदैन ।

(२) सभामा रहेका सबै राजनीतिक दल मिलेर जनताका विकास निर्माणका कार्यहरू गर्न सरकारलाई घच्घचाउने कामका लागि प्रश्नलाई उपयुक्त माध्यमका रूपमा लिनुपर्छ, नकि सरकारलाई अप्ठ्यारो पार्ने माध्यमका रूपमा ।

(३) प्रदेश सभामा प्रश्नोत्तर नयाँ प्रयोग भएकाले यस सम्बन्धमा संसद सदस्यहरू तथा सचिवालयका कर्मचारीहरूलाई उपयुक्त तालीमको व्यवस्था गर्नुपर्छ । उनीहरूलाई प्रश्नोत्तर सम्बन्धमा राष्ट्रिय अन्तर्राष्ट्रिय अवलोकन भ्रमण गराउनुपर्छ ।

(४) संसदमा यो कार्यक्रमलाई निरन्तररूपमा चलाइनुपर्छ । संसद नियमावलीले हरेक दिनको संसद बैठकको पहिलो एकघण्टा प्रश्नोत्तरका लागि छुट्याएको हुन्छ । सरकारलाई संसदप्रति बढीभन्दा बढी उत्तरदायी बनाउनका लागि हरेकदिन प्रश्नोत्तरको पूरै समय सोही कार्यमा नै बिताउनु आवश्यक हुन्छ । जति यो कार्यक्रम चल्दै गयो त्यति नै यसको प्रचारप्रसार हुँदै गएर सदस्यहरूमा समेत यसप्रति रुचि बढ्दै जाने हुन्छ र यो प्रभावकारी बन्दै जाने गर्दछ ।

(५) सरकारका मन्त्रीले प्रश्नहरूलाई गम्भीर रूपमा लिई समयमा उत्तर पठाउने तथा सजग र सतर्क भएर उत्तर दिने गर्नु पर्दछ । उत्तर दिँदा सभाका अन्य सदस्यका साथै जनताले पनि आफ्नो मूल्याङ्कन गरिरहेका हुन्छन् भन्ने कुरा मन्त्रीले बुझ्नु पर्दछ ।

(६) सचिवालयका कर्मचारीहरूले सभाका सदस्यबाट आएका प्रश्नहरूलाई सम्पादन गर्दा, संक्षेपीकरण गर्दा प्रश्नको भाव नबिग्रने गरी गर्नुपर्छ ।

(७) प्रश्नकर्ता सदस्यले प्रश्न गर्दा व्यक्तिगत हितका लागि नभई सार्वजनिक हितसँग सम्बन्धित प्रश्नमात्र सोध्नुपर्छ र सभा सचिवालयले पनि प्रश्न आइसकेपछि पहिला प्रश्नको प्रकृति बुझेरमात्र दर्ता गर्नुपर्छ ।

**निष्कर्ष**

संसदीय प्रश्न सरकारको निगरानी कार्यका लागि संसदले प्रयोग गर्ने अति नै महत्त्वपूर्ण र प्रभावकारी औजार हो । संसदीय प्रणाली अपनाएका संसारका धेरैजसो मुलुकहरूमा संसदीय प्रश्नोत्तरको व्यवस्था रहेको पाउन सकिन्छ । यो व्यवस्था संघीय संरचना भएका मुलुकहरूमा त संघीयका साथसाथै प्रादेशिक संसदमा पनि पाइन्छ । नेपालमा पनि संघीय संसद तथा प्रदेश सभामा यसको व्यवस्था रहेको छ । यसका माध्यमबाट संघीय वा प्रादेशिक सरकारलाई संसद र जनताप्रति जवाफदेही बनाउने गरिन्छ । प्रश्नले सरकारलाई कुनै पनि कार्य गर्नका लागि झक्झक्याउने काम गर्दछ । सरकारको दृष्टिमा नपरेको कुनै समस्यालाई उजागर गर्ने कार्य पनि प्रश्नले गर्दछ । संसद सदस्यहरूले आफ्ना मतदाताका समस्या एवं सरोकारका विषयवस्तुलाई सरकारसमक्ष पुऱ्याउने र समाधान खोज्ने माध्यम प्रश्न हो । सरकारलाई पनि संसद सदस्यबाट आएका प्रश्नका उत्तरमार्फत् आफ्ना नीति, योजना, कार्यक्रम, कार्य प्रगति, आइपरेका समस्या लगायतका जानकारीहरू जनतासमक्ष पुऱ्याउने उपयुक्त अवसर मिल्दछ । प्रश्नले सरकारी निकायका काम कारवाहीलाई समयबद्ध र प्रभावकारी बनाई कार्यसम्पादनमा निखारता ल्याउन मद्दत गर्दछन् । यति महत्त्वपूर्ण रहेको प्रश्नोत्तरसम्बन्धी व्यवस्था सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्दै सरकारलाई सभाप्रति जवाफदेही बनाउने महत्त्वपूर्ण माध्यमको रूपमा यसलाई प्रवर्द्धन गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ ।

**सन्दर्भ सामग्री**

**नेपाली**

कानून किताव व्यवस्था समिति (२०७२), नेपालको संविधान

प्रदेश सभा सचिवालय (२०७४), प्रदेश नम्बर तीनको प्रदेश सभा नियमावली, २०७४

प्रदेश सभा सचिवालय (२०७४), प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४

संघीय संसद सचिवालय (२०७६), संघीय संसद सेवा स्मारिका, २०७६

सत्याल, जीवनलाल (२०४८), संसदभित्र : संसद सचिवालय

## अंग्रेजी


Background Brief – Comparison of Question Time across Jurisdictions (2019), retrieved November 13, 2020 from https://www.aph.gov.au/-/media/02_Parliamentary_Business/24_Committees/243_Reps_Committees/Procedures/question_time/Jurisdictional_Comparison_of_Question_Time_-_Westminster_Parliaments.pdf?la=en&hash=1530611E5A9C80D7B24D3D25091D21062DCDF725

Glassman, M. E. (2009). A Parliamentary-Style Question Period: Proposals and Issues for Congress, retrieved November 2, 2020 from https://fas.org/sgp/crs/misc/RL34599.pdf

Martin, S. (2013). Parliamentary Questions, retrieved November 1, 2020 from https://agora-parl.org/sites/default/files/parliamentary_questions.pdf

Martin, S., & Rozenberg, O. (2012). The-Roles-and-Function-of-Parliamentary-Questions, retrieved December 28, 2019 from https://www.routledge.com/The-Roles-and-Function-of-Parliamentary-Questions-1st-Edition/Martin-Rozenberg/p/book/9780415669801

Otjes, S., & Louwerse, T. (2018). Parliamentary questions as strategic party tools, retrieved November 1, 2020 from https://www.rug.nl/research/portal/files/62121923/Parliamentary_questions_as_strategic_party_tools.pdf

Parliamentary Control of the Government, retrieved November 1, 2020 from https://www.riksdagen.se/globalassets/15.-bestall-och-ladda-ned/andra-sprak/facts-5-parliamentary-control.pdf

Questions (2020), retrieved November 3, 2020 from http://loksabhaph.nic.in/Questions/QuestionsHome.aspx

Question Time (2020), retrieved November 3, 2020 from https://www.parliament.uk/about/how/role/scrutiny/

The Canadian House of Commons Question Period (2019), retrieved November 2, 2020 from https://www.thoughtco.com/question-period-508475